## गण्डकी प्रदेश सभा

# सातौ अधिवेशन

## बैठक संख्या -८

## सूचनापत्र - २

## (बैठकको कारवाहीको संक्षिप्त विवरण)

मिति २०८१ साल चैत ११ गते,सोमवार

गण्डकी प्रदेश सभाको आजको बैठक माननीय सभामुख कृष्ण प्रसाद धितालको अध्यक्षतामा दिनको १:१८ बजे प्रारम्भ भयो ।

तत्पश्चात शुन्य समय प्रारम्भ भयो,शुन्य समयमा **माननीय कल्पना तिवारी, माननीय टिका कुमारी बस्याल, माननीय लिल बहादुर थापा, माननीय सीता कुमारी सुन्दास र माननीय हरि बहादुर भण्डारी**ले समसामयिक विषयमा आ-आफ्नो भनाई राख्नुभयो ।

तत्पश्चात **माननीय सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री बिन्दु कुमार थापाले "गण्डकी प्रदेशमा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि विचार गरियोस् भनि प्रस्ताव गर्नुभएकोमा उक्त प्रस्ताव सर्वसम्मतीले स्वीकृत भयो ।

तत्पश्चात "**गण्डकी प्रदेशमा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**" माथिको सामान्य छलफल प्रारम्भ भयो ।उक्त सामान्य छलफलमा **माननीय दिपेन्द्र बहादुर थापा, माननीय बेद बहादुर गुरुङ,माननीय कुसुम बुढा पुन, माननीय पञ्चराम गुरुङ, माननीय सुनिता थापा, माननीय निर्मला थापा, माननीय रेशम बहादुर जुग्जाली , माननीय रेखा गुरुङ, माननीय गणेशमान गुरुङ, माननीय पार्वती तामाङ, माननीय रोशन बहादुर गाहा थापा, माननीय सरस्वती गुरुङ र माननीय लिल बहादुर थापा मगर**ले भाग लिनु भयो ।

तत्पश्चात माननीय **सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री बिन्दु कुमार थापाले "गण्डकी प्रदेशमा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथिको छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात **माननीय सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री बिन्दु कुमार थापाले "गण्डकी प्रदेश दलित अधिकार तथा सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि विचार गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्नुभएकोमा उक्त प्रस्ताव सर्वसम्मतीले स्वीकृत भयो ।

तत्पश्चात "**गण्डकी प्रदेश दलित अधिकार तथा सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**" माथिको सामान्य छलफल प्रारम्भ भयो।उक्त सामान्य छलफलमा **माननीय अशोक कुमार श्रेष्ठ, माननीय गोबिन्द बहादुर नेपाली, माननीय सुशिला सिंखडा, माननीय चम्पादेवी खड्का, माननीय यशोदा रिमाल, माननीय दमयन्ती रुचाल, माननीय टिका कुमारी बस्याल, माननीय नन्दकला दमै नेपाली, माननीय भक्त बहादुर कुँवर, माननीय देवका पहारी त्रिपाठी र माननीय सीता कुमारी सुन्दास**ले भाग लिनु भयो ।

तत्पश्चात **माननीय सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री बिन्दु कुमार थापाले "गण्डकी प्रदेश दलित अधिकार तथा सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथिको छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो।

तत्पश्चात माननीय सभामुखले आगामि बैठक **२०८१ साल चैत १२ गते विहान ११ बजे** बस्नेगरी दिनको ५:०३ बजे स्थगित गर्नुभयो ।

......................

(हरिराज पोखरेल)

प्रदेश सभा सचिव